NSW Health

# क्षयरोग (TB) को लागि छातीको एक्स - रे निगरानी

NSW GOVERNMENT

## Chest x-ray monitoring for tuberculosis (TB)

Nepali

## छातीको एक्स - रे निगरानी के हो र यो मेरा लागि किन आवश्यक छ ?

तपाईंको डाक्टरले तपाईंलाई क्षयरोग (TB) को निगरानी गर्न छातीको नियमित एक्स – रे गरि जाँच गर्न अनुरोध गर्न सक्छन्। यी एक्स - रेहरूले तपाईंको फोक्सोमा हुनसक्ने कुनै पनि परिवर्तनको जाँच गर्न मद्दत गर्दछन्।

छातीको एक्स - रे निम्न कार्यका लागि प्रयोग गरिन्छ:

- TB संक्रमण TB रोगमा परिणत भएको छ कि छैन भनेर हेर्नका लागी।
- औषधि सेवनले TB निको भइरहेको छ कि छैन जाँच्नका लागि।

## के एक्स - रे हानिकारक हुन्छ?

एक्स - रेले थोरै मात्रामा विकिरण प्रयोग गर्दछ। एक्स - रेमा विकिरणको मात्रा भनेको लामो दूरिको विमान उडानको समयमा विकिरणको जोखिम जस्तै हो। यदि तपाईंले धेरै एक्स - रे गर्नुभएको छ भनेपनि विकिरणको यो मात्रा सुरक्षित मानिन्छ।

यदि तपाईं गर्भवती हुनुहुन्छ भने, एक्स - रे गर्नु अघि डाक्टरलाई थाहा दिनु महत्त्वपूर्ण हुन्छ। यदि बच्चा जन्मिएपछिको समयसम्म एक्स - रेका लागि पर्खनुपर्छ भने डाक्टरले तपाईंसँग छलफल गर्नेछन्। यदि तपाईंलाई गर्भवती हुँदा एक्स - रे आवश्यक पर्छ भने, हामी तपाईंलाई तपाईंको बच्चाको सुरक्षाको लागि विशेष लिड एप्रन लगाउन भन्नेछौं।

स्तनपान गराउने आमाहरूले आफ्नो बच्चालाई जोखिम बिना सुरक्षित रूपमा स्तनपान गराउन सक्छन्।

## मेरो छातीको एक्स - रे गर्नेबेला के हुन्छ?

रेडियोग्राफरले तपाईंको एक्स - रे लिनेछ। एक्स-रे लिनुअघि रेडियोग्राफरले तपाईँलाई बिरामीको गाउन लगाउन वा गहना फुकाल्न भन्न सक्छन्। यदि तपाईं कोठामा एक सहयोगी व्यक्ति राख्न चाहनुहुन्छ भने, कृपया रेडियोग्राफरलाई सोध्नुहोस्।

एक्स - रे लिन केही सेकेन्ड मात्र लाग्छ। जब एक्स - रे लिइन्छ, तपाईंलाई गहिरो सास फेर्न र स्थिर रहन भनिनेछ।

यदि तपाईंले TB क्लिनिक वा छाती सम्बन्धी क्लिनिकमा देखाइरहनुभएको छ भने, तपाईंको अन्तिम छातीको एक्स - रे कहिले र कहाँ भएको थियो भनेर उनीहरूलाई थाहा दिनुहोस्।

एक्स - रे तस्वीर तपाईंको डाक्टरलाई पठाइनेछ। डाक्टरले तपाईंको फोक्सोमा देखिने परिवर्तनहरू हेर्नको लागि तपाईंको अघिल्लो छातीको एक्स - रेसँग तस्वीर तुलना गर्नेछन्। यसका लागि केही समय लाग्न सक्छ। यदि तपाईंको फोक्सोमा कुनै परिवर्तन आएको छ र तपाईंले आफ्नो डाक्टरलाई फेरि भेट्न आवश्यक छ भने क्लिनिकले तपाईंलाई सम्पर्क गर्नेछ।

## मैले छातीको एक्स - रे निगरानी कति समयसम्म गर्नुपर्छ?

धेरैजसो मानिसहरूमा प्रत्येक ६ देखि १२ महिनामा छातीको एक्स - रे गरिन्छ। यदि २ - ३ वर्षमा तपाईंको एक्स - रेमा कुनै परिवर्तन छैन भने तपाईंको डाक्टरले तपाईंलाई अब छातीको एक्स - रे निगरानीको आवश्यकता नरहेको निर्णय गर्न सक्छन्। यदि तपाईंसँग प्रश्न छ वा चिन्तित हुनुहुन्छ भने, कृपया आफ्नो डाक्टरसँग छलफल गर्नुहोस्।

## थप जानकारी

TB बारेमा थप जानकारीका लागि, health.nsw.gov.au/tb हेर्नुहोस्

तपाईंको भाषामा निःशुल्क मद्दतको लागि, अनुवाद र दोभाषे सेवा (TIS) लाई 13 14 50 मा फोन गर्नुहोस्।

© NSW Ministry of Health. SHPN (CDB) 240393-10. May 2024